अख्तियार दुरुपयोग अनुसन्धान आयोग
टङ्गाल, काठमाडौं

मिति: २०८३।०७।१९ गते।

प्रेस विज्ञप्ति

विषय: आरोपपत्र दायर गरिएको।

श्री ज्योति माध्यमिक विद्यालय, तिला गाउँपालिका, वडा नं. ९, राँसामालापानी, जुम्लामा कार्यरत शिक्षक महेन्द्र राज शाहीले नक्कली शिक्षक अध्यापन अनुमतिपत्र पेस गरी सरकारी सेवामा कार्यरत रहेको भन्नेसमेत बेहोराको प्राप्त उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा निज महेन्द्र राज शाहीले तिला गाउँपालिकाबाट आ.व. २०७८।०७९ मा प्राप्त शिक्षण सिकाई अनुदान निम्न माध्यमिक तहमा अंग्रेजी विषयको शिक्षक पदको दरबन्दीमा नियुक्ति पाउनको लागि नक्कली स्थायी अध्यापन अनुमतिपत्र बनाई सोही झुट्टा/नक्कली प्रमाणपत्र पेस गरी श्री ज्योति माध्यमिक विद्यालयमा मिति २०७९।०२।१५ गते करार शिक्षकमा नियुक्ती लिई राष्ट्रसेवकको ओहदा, लाभ र सुविधा प्राप्त गरेको देखिँदा निजको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिमको कसुरजन्य कार्य भएकोले निज महेन्द्र राज शाहीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिम कैद र जरिवानाको सजाय हुन मागदाबी लिई आज विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

प्रवक्ता
सुरेश न्यौपाने